# १८. श्री बैरागी काइँला

*[संवत् २०४६ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री महजोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई र सोही सालको 'मदन पुरस्कार' 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री राजेश गौतमलाई समर्पण गर्न संवत् २०४७ साल आश्विन ५ गतेका दिन आयोजित समारोहमा श्री बैरागी काइँलाले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १२४ बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू प्राज्ञिकवर्ग, सज्जन तथा भद्र महिलाहरू एवं पुरस्कृत प्रतिभा म-ह जोडी तथा राजेश गौतमज्यू !

वि. सं. २०४६ सालको 'मदन पुरस्कार' प्रदान गरिने समारोहमा आफ्नो उद्‌गार अभिव्यक्त गर्ने मौका दिनुभएकोमा सर्वप्रथम त म श्री मदन पुरस्कार गुठीका अध्यक्ष तथा सदस्य महानुभावहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु।

आफ्ना स्वर्गीय पतिको नाम चिरस्थायी राख्न मुलकको कल्याणको लागि स्व. रानी जगदम्बाले स्थापना गर्नुभएको मदन पुरस्कार गुठीले वि. सं. २०१३ सालदेखि आजसम्म नै 'मदन पुरस्कार' प्रदान गरेर नेपाली वाङ्मय, भाषा, साहित्य, इतिहास, ज्ञान-विज्ञानमा सृजना तथा अनुसन्धान क्षेत्रमा लागेका विद्वत्‌वृन्दलाई प्रेरणा मात्र होइन अनेक अनमोल ग्रन्थहरूको सृजना गर्ने अवसर प्रदान गरेर वाङ्मयको श्रीवृद्धि गराएको छ।

नेपाली वाङ्मयको श्रीवृद्धिमा 'मदन पुरस्कार' तथा मदन पुरस्कार गुठीको अहम् भूमिका रहेको छ भन्दा अत्युक्ति हुनेछैन।

आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले मदन पुरस्कार गुठीले यो पुरस्कार 'जगदम्बा-श्री' हरेक वर्ष "श्रव्य, दृश्य वा अरू किसिमका कृतित्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा सांस्कृतिक माध्यमबाट नेपाली भाषाको उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट" छनौट गरी प्रदान गर्ने महान् कार्य गत साल (२०४६) देखि सुरु गरेर ऐतिहासिक कार्यको थालनी गरेको छ।

स्थापित सरकारी गैरसरकारी पुरस्कारहरूमा हाम्रो मुलुकमा गैरसरकारी क्षेत्रबाट स्थापित मदन पुरस्कार गुठीको 'मदन पुरस्कार'को अति उच्च मर्यादा र गरिमा भए जस्तै 'जगदम्बा-श्री'को पनि मर्यादा र प्रतिष्ठा छ।

यसैले, यी पुरस्कार प्राप्त गर्नु सबै लेखक, कलाकार, चिन्तक तथा अनुसन्धानकर्ताहरू सगर्व प्रतीक्षा गर्दछन् ।

संसारका विकसित मुलुकहरूको दाँजोमा, वर्षौंवर्षसम्म सामन्ती जहानियाँ निरङ्कुश शासनको शोषण र दमनको जाँतोमा पिँधिएको देशको आर्तनादले मुखरित हुने मौका तथा बाणीमा लागेको ताल्चा, हात खुट्टाका हतकडी र नेलहरू तोड्ने कार्यको शुभारम्भ साहित्यबाट नै भयो ।

मनुष्यताको मर्यादा, भ्रातृत्व, समानता तथा स्वतन्त्रताका आकांक्षाहरू सर्वप्रथम साहित्यबाट नै मुखरित भएर जनजनको घर-दैलोमा पुगेको हाम्रो मुलुकको इतिहास पनि साक्षी छ। 'मकैपर्व' होस् वा एउटा साधारण पुस्तकालय खोल्ने कार्य होस् त्यसले निरङ्कुशताको जन्जिर तोडेर मुक्त आकाशमा वितरण गर्ने मानवीय आकाङ्क्षा प्रतिविम्बित गरेको थियो । साहित्यले नै प्रत्येक नेपालीलाई दासत्वको क्रूर र अमानवीय वन्धनबाट मुक्त भई स्वतन्त्र नागरिक हुन प्रेरित गरेको थियो भन्नु अतिशयोक्ति हुँदैन ।

१०४ वर्षको सामन्ती र जहानियाँ शासनको दमन, शोषण, नेल र जेलबाट समग्र नेपालीलाई मुक्त गरी नेपाली मात्रलाई स्वतन्त्र आकाश प्रदान गर्ने महान् कार्यमा नेपाल प्रजा-परिषद्को महत्त्वपूर्ण भूमिका रहेको मात्रै होइन जनतामा राजनीतिक स्वतन्त्रता र विद्रोहको भावना जगाउन नेपाल प्रजा-परिषद्ले गरेको योगदानलाई सबै राजनीतिक सङ्गठन र तिनका नेताहरूले महत्त्वपूर्ण भनी स्वीकारेका छन् ।

"जनतामा राजीतिक स्वतन्त्रता र राणा विरोधी भावनाको विकास गरी त्यसलाई प्रसार गराउन" गरिएका अनेक साहसिक कार्यका लागि वि. सं. १९९७ सालमा शहादत दिने सबै शहीदहरू, सर्वस्व भई आजन्म कालकोठरीमा जीवनयापन गर्ने, जेल जाने वा देश निकाला हुने सबै राजनीतिक बन्दीहरू, राजनीतिज्ञ र नेताहरू हाम्रा लागि प्रातः स्मरणीय र बन्दनीय छन् । उनैको शहादत नै हो जसले नेपाल आमालाई जहानियाँ शासनबाट मुक्त गराई सबै नेपालीलाई स्वतन्त्र नागरिक तुल्यायो र मानव अधिकारप्रति सचेत गरायो ।

नेपालको इतिहासमा स्वर्णिम अक्षरमा कुँदिइने नेपाल प्रजा-परिषद्को ऐतिहासिक भूमिका नेपालको प्रजातान्त्रिक आन्दोलनमा अग्रणी र चिरस्थायी रहनेछ ।

फेरि अपहरित भएको नेपालीका मौलिक अधिकार, बहुदलीय शासन व्यवस्था र प्रजातन्त्रको पुनर्वहाली आज ३० वर्ष लामो पञ्चायती निरङ्कुश तानाशाही व्यवस्थाको

पतनपछि हामीले प्राप्त गरेका छौं। यस महान् सङ्घर्षमा पनि राजनीतिक व्यक्तिहरू वा सङ्गठनहरू सँगसँगै लेखक, कलाकार तथा सामाजिक चिन्तक र साधकहरूको पनि अहम् भूमिका रह्यो।

गत वि.सं. २०४६ साल फागुन ७ गतेदेखि प्रारम्भ गरिएको बहुदलीय प्रजातन्त्रको पुनर्वहालीको लागि भएको निर्णायक लडाइँमा नेपाली काङ्ग्रेस, संयुक्त वाममोर्चा, विद्यार्थी, शिक्षक, प्राध्यापक, डाक्टर, नर्स, इन्जिनियर, पत्रकार, वकिल, मजदुर, किसान र कर्मचारी मात्रै होइन– अग्र पङ्क्तिमा लेखक, कलाकार, चिन्तक र बुद्धिजीवीहरू पनि उभिए। निरङ्कुशताको विरूद्ध लेखेर, बोलेर, जेल गएर कालो पट्टी बाँधेर, गिरफ्तारी दिएर– आफ्नो अग्रगण्य भूमिका प्रदान गरे। मह जोडीको भूमिका पनि यस सन्दर्भमा अत्यन्त सारभूत रह्यो।

मीठो सयोग हो यो कि जहानियाँ राणा शासनको विरूद्ध रणभेदी फुकेर असङ्ख्य देशभक्तलाई शहीद हुने प्रेरणा दिने, स्वतन्त्रताको लागि कुनै सम्झौता नगरी बरु दानवी यन्त्रणा रोज्न हाँसीहाँसी तयार हुने देशभक्तहरूको जीवन्त इतिहास "नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका" का लेखक श्री राजेश गौतमलाई अति सम्मानित मदन पुरस्कार २०४६ मा मुलुकले फेरि गुमाएको बहुदलीय प्रजातन्त्रको पुनर्वहाली भएको लगत्तैपछि प्रदान गरिएको छ। मह जोडी पनि यसै वर्ष पुरस्कृत भयो। यो संयोग हामी सबैका लागि हर्ष र गर्वको विषय भएको छ।

इतिहासमा दखल भएका श्री राजेश गौतमले अनेक शोधकार्य गरेर इतिहासका पुस्तकहरू लेख्नुभएको छ। सामाजिक अध्ययनमा पनि रूचि राखेर अनुसन्धान गर्ने श्री राजेश गौतमज्यूको नेपालका जनजातिको अध्ययनमा पनि ठूलो रूचि र भूमिका छ। अनेक महत्त्वका पत्रिकाहरूका सम्पादनमा पनि वहाँ संलग्न रहनुभएको छ।

आजको विश्वमा मान्छेको पुर्नप्रतिष्ठाको लागि सबै क्षेत्रबाट प्रयत्न भइरहेको छ। मानवतालाई अन्याय, शोषण, युद्ध र ध्वंशबाट बचाउन विश्वव्यापी रूपमा नै प्रयत्नहरू जारी छन्। मान्छेको स्वतन्त्रता नै सर्वोपरी हो। हाम्रो मुलुकमा पनि समयको गतिसँगै परिवर्तनले अनुकूल प्रभाव पारेको छ। मानव अधिकारको वहालीमा विश्वमा भएका अनेकन मुलुकको प्रजातान्त्रिक आन्दोलनका सफलताले नेपाल पनि प्रभावित भयो। फेरि एकपल्ट प्रजाहरू जनता भएका छन्। र जनता सर्वोपरी भई जनतामा सार्वभौमिकता निहित हुनुपुगेको छ। अन्ततः संविधानको स्रोत पनि जनता नै त हो।

हाम्रो मुलुकको लागि संवैधानिक राजतन्त्र तथा बहुदलीय शासन व्यवस्था अर्थात् पूर्ण प्रजातन्त्र नै मुलुकको उन्नति र समृद्धिका लागि मात्र होइन सृजनात्मक प्रक्रियाका लागि अनिवार्य शर्त पनि हुन्। यसैले हाम्रो कर्तव्य आज हातमा आएको प्रजातन्त्रलाई एउटा स्वर्णिम अवसरको रूपमा मानव कल्याण र शान्तिको लागि उपयोग गर्न सक्नु पनि हो।

पुरस्कृत महानुभावहरूमध्ये राजेश गौतमज्यू अनेकन प्राज्ञिक संलग्नता हुँदाहुँदै पनि नेपालमा मानव अधिकार संगठनको काठमाडौं-शाखाका उपाध्यक्ष रही कार्यरत हुनुहुन्छ। नेपालमा ३० वर्ष लामो पञ्चायती कालरात्री विरुद्ध लड्ने सबै प्रजातन्त्रप्रेमी र स्वतन्त्रता-कामी नेपालीहरूसँग वहाँले अग्रपङ्क्तिमा रही गरेको योगदानकै कदर पनि यो पुरस्कार हो भन्दा अतिशयोक्ति नहोला भन्ने ठानेको छु। त्यस्तै मह जोडीको सम्मान पनि उहाँहरूको प्रजातन्त्र-प्रेमको समेत पुरस्कार हो भन्ने मलाई लाग्छ। किनभने, नेपाली भाषाको सेवा र श्रीवृद्धिका लागि श्री मदनकृष्ण श्रेष्ठ तथा श्री हरिवंश आचार्यले गरेको योगदानमा त कसैको दुई मत छँदै छैन, तर उल्लेख्य कुरा के हो भने भाषाको सेवा गर्दागर्दै पनि उहाँहरूले हास्य व्यङ्ग्यका विधाबाट बहुदलीय प्रजातन्त्रको बहाली, मानवाधिकारको संरक्षण तथा अभिव्यक्तिको स्वतन्त्राको लागि उच्च आवाजको शङ्खघोष गरी देशभित्र र देशबाहिर निरङ्कुशताको विरुद्ध जनमत तयार गर्ने गुरुतर भूमिका पनि निर्वाह गर्नुभएको छ।

यस सुखद उपलक्ष्यमा हास्य-व्यङ्ग्य विधाको माध्यमबाट नेपाली भाषालाई समृद्ध पार्न गरेको योगदानको कदर गर्दै मदन पुरस्कार गुठीले 'जगदम्बा-श्री' पुरस्कारद्वारा सम्मानित गरेकोमा 'मह'लाई हार्दिक बधाई दिन्छु।

अन्तमा 'मदन पुरस्कार'ले पुरस्कृत र सम्मानित हुनुहुने श्री राजेश गौतमलाई हार्दिक बधाई ज्ञापन गर्दै उपस्थित सबै सम्माननीय महानुभावहरू तथा मदन पुरस्कार गुठीमा फेरि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद !

☒ ☒ ☒